सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

फैसला

०७४-CI-०८९४

मुद्दाः- बहाल लिई घर खाली गराई चलन चलाई पाउँ।

| | |
|---|---|
| जिल्ला धनुषा, सबैला गा.वि.स.वडा नं.३ मा साविक घर भई हाल जिल्ला धनुषा, जनकपुर उप महानगरपालिका वडा नं.६ बस्ने सरोजकुमार नायक सुडी---------१ | निवेदक प्रतिवादी |

विरुद्ध

| | |
|---|---|
| जिल्ला धनुषा, एकरहिया गा.वि.स.वडा नं.५ मा साविक घर भई हाल जिल्ला धनुषा, जनकपुर उप महानगरपालिका ६ बस्ने हर्षनारायण झा भन्ने सिताराम दास------१ | विपक्षी वादी |

शुरु तहमा फैसला गर्नेः

माननीय जिल्ला न्यायाधीश श्री लोकजंग शाह

धनुषा जिल्ला अदालत

फैसला मिति २०७१।१२।११

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय का.मु.मुख्य न्यायाधीश श्री उदय प्रकाश चापागाईं

माननीय न्यायाधीश श्री खुशीप्रसाद थारु

उच्च अदालत जनकपुर

फैसला मिति २०७३।१२।२१

न्याय प्रशासन ऐन, २०७३ को दफा १२(क)(ख) बमोजिम उच्च अदालत जनकपुरको मिति २०७३।१२।२१ को फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँ भनी मुद्दा दोहोऱ्याई हेर्ने निस्सा

प्रदान भै पुनरावेदन सरह दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

## तथ्य खण्ड

१. जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं.६ मा अवस्थित भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रही म महन्थ सिताराम दासको संरक्षणमा रहेको ऐ.ऐ. को सिट नं.१३५५-१८ को कि.नं.२१ को क्षेत्रफल ज.वि.०-११-१४-१ मा भगवानको मठ मन्दिर रहेको छ। मेरा गुरु मणिराम दास आफ्नो कालगतिले मिति २०६४।७।१३ मा साकेतवास हुँदा निजलाई साधु सन्त परम्पराबमोजिम मैले दागबत्ति दिई दाह संस्कार अन्त्येष्टी गरी क्रियामा बसी श्राद्ध, सुद्धि, दान, पुण्य, धर्म सदावत गरी श्रीमान् महन्थको कार्यालय श्री लक्ष्मी नारायण मठ (मटिहानी स्थान) महन्थ श्री जगन्नाथ दास वैष्णवबाट मैले चादर पगडी प्राप्त गरी उपरोक्त महाबीर हनुमानजी मठ स्थानको म मठाधीश महन्त भई संरक्षण गरिरहेको छु। उपरोक्त कि.नं.२१ को जग्गामध्ये पश्चिम-उत्तर कुनाबाट क्षेत्रफल ज.वि.०-१-८-१$^{1}/_{2}$ जग्गामा मैले जनकपुर नगरपालिका कार्यालयबाट मिति २०६५।४।२१ मा भगवान महाबीर हनुमानजीको नाममा नक्सा पास गराई भवन निर्माण अनुमति-पत्र प्राप्त गरी उपरोक्त मठस्थानको आयस्ता आम्दानी बृद्धि हेतु भवन पसल कोठा निर्माण गरेको हुँ। उपरोक्त भवन पसल कोठामा महाबीर मन्दिर नामबाट विद्युत लाईन जडान गराई जनकपुर नगरपालिका कार्यालयमा उपरोक्त घर जग्गाको घर जग्गा कर र घर धुरी करसमेत साल बसाली रुपमा मैले तिरी बुझाई आई मैले उपरोक्त घर जग्गा आफ्नो नाममा नामसारी गरी पाउँ भनी मालपोत कार्यालय, धनुषामा द.नं.२०६३९, मिति २०६८।१२।८।४ मा सप्रमाण निवेदन दिई मिति २०६८।१२।९।५ मा सनाखत गरी उपरोक्त पसल कोठाहरुमध्ये विपक्षीले उत्तरतर्फबाट पसल कोठा सटरवाला थान- २ र सोसँगै पछाडि पूर्वपट्टि टाँसिएका कोठा दुई गरी जम्मा कोठा थान- ४ को प्रति महिना मासिक बहाल रु.५,०००।- (पाँच हजार) मात्रको दरले मलाई बुझाउने गरी मिति २०६५।३।२७ देखि मसँग बहालमा लिई सो पसल कोठामा बहाल (भाडा) मा बसी आई रहनु भएकोमा विपक्षीले मसँग उपरोक्तानुसार कोठा बहालमा लिई बहाल रकम नदिई घर कोठा खाली नगर्नु भएकोले उपरोक्त बहाल मिति २०६५।३।२७ देखि प्रति महिना बहाल रकम रु.५,०००।- (पाँच हजार) को दरले २०७१ साल असोज महिनासम्मको बहाल रकम

रु.३,७०,६६६।६७ (तीन लाख सत्तरी हजार छ सय छैंसठ्ठी रुपैयाँ र सठ्सठ्ठी पैसा) मात्र फैसला भई विपक्षीले बहालबाट नहटुञ्जेलसम्मको बहाल रकम, कोर्ट फी र सम्पूर्ण खर्च दस्तुर विपक्षीबाट मलाई दिलाई भराई उपरोक्त बहालवाला घर कोठाबाट विपक्षीलाई हटाई खाली गराई चलनसमेत चलाई पाउँ भन्नेसमेत व्यहोराको शुरु धनुषा जिल्ला अदालतमा पेश गरेको फिराद दाबी ।

२. विपक्षी हर्षनारायण झा भगवान महाबीर हनुमानजी मन्दिरको महन्थ नभएको, मुलुकी ऐन, घर बनाउनेको महलको ८ नं. बमोजिमका धनीसमेत नभएको तथा मैले महन्थ मणिराम दाससँग प्राप्त गरेको भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रहेको जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं.६, सिट नं.१३५५/१८ कि.नं.२१ क्षेत्रफल ०-११-१४-१ मध्ये ०-०-१२ जग्गामा पहिलेदेखि भोग चलन गरेको घर समेत बनाई सो घर आफ्नो अनुकूल पसल थापी पेशा व्यवसाय गरी आएकोमा उक्त जग्गाको कुतस्वरुप मैले भगवान महाबीर हनुमानजी मन्दिरमा वार्षिक धानवाली बुझाउँदै आएको छु । मैले मन्दिरमा कुतस्वरुप बुझाएको धानवाली विपक्षीले भाडा रकम भनी उल्लेख गर्नु भएको र निज स्वयंले भगवानको नाममा दर्ता रहेको जग्गा आफ्नो नाममा नामसारी गराउन खोजी धर्मलोप गर्न खोजेको व्यक्तिले यस प्रकारका गलत मुद्दा गर्नु भएकोले दाबी खारेज भागी रहेको हुँदा खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीले शुरु धनुषा जिल्ला अदालतमा पेश गरेको प्रतिउत्तर जिकिर।

३. यसमा फिराद-पत्रको प्रमाण खण्डमा उल्लेखित रीट नं.०६-०७०-००७३७/०७०-WO-०११७ को निषेधाज्ञा मुद्दाको सक्कल मिसिल पेशीका दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी पठाई दिनू भनी पत्राचार गरी पेशीमा चढाउनू भन्ने मिति २०७१।१०।२९ को शुरु धनुषा जिल्ला अदालतको आदेश।

४. प्रस्तुत मुद्दाका प्रतिवादी सरोजकुमार नायकले यिनै वादी सिताराम दाससमेतका विरुद्ध तत्कालीन पुनरावेदन अदालत, जनकपुरमा दायर गरेको रिट नं.०७०-WO-०११७ को निषेधाज्ञा मुद्दामा फिराद दाबीमा उल्लिखित जग्गामा रहेको घर प्रतिवादीले निर्माण गरेको नभई महाबीर हनुमानजी मन्दिरको नाममा दर्ता रहेको कुरा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिएको र मन्दिरकै हकभोग कब्जामा रहेको तथा सो घरमा निज प्रतिवादी बहालमा बस्दै आएको भन्ने व्यहोरासमेत उल्लेख गरी मिति २०७१।१।१६ मा फैसला भएको र सो मुद्दामा मिति २०७०।१२।७ मा भएको सर्जमिन मुचुल्का हेर्दा समेत

दाबीको जग्गा घरमा प्रतिवादी सरोजकुमार नायक भाडामा बसेको हो भन्ने व्यहोरा समर्थित भएको देखिन्छ। यसरी हनुमानजी मन्दिरको नाम दर्ताको जग्गामा रहेको घरमा यी प्रतिवादी भाडामा बसेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिंदा वादी दाबीबमोजिम मिति २०६५।३।२७ गतेदेखि घरबहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- (पाँच हजार) का दरले हुने रकम वादीले प्रतिवादीबाट घर बहालबापत भराई पाउने र प्रतिवादीलाई उक्त घरबाट हटाई घर खाली गराई वादीले चलनसमेत पाउने ठहर्छ भन्ने शुरु धनुषा जिल्ला अदालतको मिति २०७१।१२।११ गतेको फैसला।

५. विपक्षी वादीले दाबी गर्दा घरको नक्सा पास भएको मिति २०६५।४।२१ देखाउनु भएको तथा म प्रतिवादी उक्त घरमा बसेको मिति २०६५।३।२७ देखाउनु भएको हुँदा विपक्षीले देखाउनु भएको घर निर्माण हुनु भन्दा पहिलेदेखि म प्रतिवादीले घर निर्माण गरी बसेको भन्ने कुरा प्रमाणित हुन आए पनि बेसरोकारवाला जग्गाधनी नै नभएको व्यक्तिले मुद्दा दर्ता गराएकोले हकदैयाको अभावमा खारेज हुनुपर्नेमा वादी दाबी ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा धनुषा जिल्ला अदालतको मिति २०७१।१२।११ को फैसला बदर गरी इन्साफ पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक/प्रतिवादी सरोज कुमार नायक सुडीले तत्कालीन पुनरावेदन अदालत जनकपुरमा दायर गरेको पुनरावेदन।

६. यसमा मिसिल संलग्न प्रमाणहरुको समुचित मूल्याङ्कन नगरी भएको शुरु फैसला प्रमाण मूल्याङ्कन र विश्लेषणको रोहमा विचारणीय देखिँदा अ.बं.२०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४ बमोजिम विपक्षीलाई झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने उच्च अदालत जनकपुरको मिति २०७३।७।२ गतेको आदेश ।

७. वादी दाबीबमोजिम मिति ०६५।३।२७ गतेदेखि घर बहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- का दरले हुने रकम वादीले प्रतिवादीबाट घर बहालबापत भराई पाउने र प्रतिवादीलाई उक्त घरबाट हटाई घर खाली गराई वादीले चलन चलाई पाउनेसमेत ठहऱ्याई शुरु धनुषा जिल्ला अदालतबाट मिति २०७१।१२।११ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ भन्ने उच्च अदालत जनकपुरको मिति २०७३।१२।२१ को फैसला ।

८. श्री महाबीर हनुमानजी मन्दिरको तत्कालीन महन्थ मणिराम दासले मनखपमा जग्गा भोग गर्ने गरी दिई मनखपबापत मैले रु.२,००,०००।- (दुई लाख) राष्ट्रिय वाणिज्य बैंकको बचत हिसाब नं.७५१७ मा जम्मा गरिदिएको थिएँ । सो जग्गामा मैले घर निर्माण गरी मिति २०६०।१०।२२ देखि बसिरहेकोमा पछि विपक्षीले जालसाजपूर्ण तरिकाबाट मिति २०६५।४।२१ देखाई नक्सा पास गरी मेरो विरुद्धमा घर खाली गराउने मुद्दा दायर गरेको अवस्थालाई विश्लेषण नै नगरी उच्च अदालत जनकपुरले म प्रतिवादी उक्त घरमा रु.५०००।- मासिक भाडामा बसेको प्रमाणको रुपमा ग्रहण गरेको अवस्था छ। निवेदकलाई बहालमा दिएको भनिएको सम्झौताको कागज विपक्षीसँग नभएको, विवादित जग्गामा बनेको घर विपक्षीले बनाएको हो भन्ने निर्माण कार्य पुरा गरेको प्रमाणपत्र नभएको अवस्थामा शुरु धनुषा जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला मिलेको देखिंदैन। विपक्षीले गुरु महन्थ मणिराम दासको मिति २०६४।७।१३ मा स्वर्गारोहण भएपश्चात् गुठी संस्थान ऐन, २०३३ को दफा १६ अनुसार नियुक्ति लिई महन्थ पद प्राप्त गर्नुपर्ने कानूनी व्यवस्थाविपरीत महन्थ पदको चादर पगडी प्राप्त गरेकोले विपक्षीको महन्थ पद कानूनविपरीत भएको हुँदा भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रहेको जग्गा मनखपमा लिएको विषयका सम्बन्धमा मुद्दा दायर गर्ने कानूनी हैसियत निज विपक्षीको नभएको देखिंदा देखिंदै धनुषा जिल्ला अदालत र उच्च अदालत जनकपुरबाट प्रमाणहरुको न्यायिक विवेचना तथा मुल्याङ्कन नै नगरी फैसला गरेको हुँदा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ तथा मुलुकी ऐन, अ.बं.७७(५), ८२ र १८४ (क) तथा घर बनाउनेको महल ८, ९ र ११ तथा गुठी संस्थान ऐन, २०३३ को दफा १६ र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरुसमेतको विपरीत तथा कानूनी त्रुटिपूर्ण रहेको फैसला दोहऱ्याई निस्सा प्रदान गरी इन्साफ पाउँ भन्ने बेहोराको निवेदक/प्रतिवादी सरोजकुमार नायक सुडीले यस अदालतमा पेश गरेको निवेदन।

९. यसमा मणिराम दासले सरोजकुमार नायक सुडीलाई बहाल लिने दिने शर्त उल्लेख भै बहाल कागज भएको भन्ने नदेखिएको अवस्था भएकोले उच्च अदालत जनकपुरको मिति २०७३।१२।२१ को फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ तथा मुलुकी ऐन अ.बं.१८४क र १८५ नं. समेतको त्रुटि देखिंदा न्याय प्रशासन ऐन, २०७३ को

दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम दोहोऱ्याइ हेर्ने अनुमति प्रदान गरिदिएको छ । नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७४।१२।२० को आदेश।

## ठहर खण्ड

१०. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहित मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेरियो।

११. निवेदक/प्रतिवादी सरोजकुमार नायक सुडीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल तथा विद्वान् अधिवक्ताद्वय श्री बद्रीप्रसाद पौडेल र श्री हरिनाथ ठकालले निवेदक प्रतिवादीले श्री महाबीर हनुमान मन्दिरको जग्गामध्ये पश्चिम-उत्तर कुनाबाट क्षेत्रफल ज.वि.०-१-८-१$^{१}/_{२}$ भोग गर्नका लागि तत्कालीन महन्थ मणिराम दासबाट मनखपबापत लिई पछि रु.२,००,०००।- (दुई लाख) बुझाई सो जग्गामा घर निर्माण गरी मिति २०६०।१०।२२ देखि बसिरहेको अवस्थामा विपक्षी वादीले जालसाजपूर्ण तरिकाबाट मिति २०६५।४।२१ मा स्थानीय निकायबाट नक्सा पास भएको देखाई उक्त घर खाली गराई चलन चलाई पाउँ भनी मुद्दा दायर गरेको अवस्था छ । प्रतिवादीले रु.५,०००।- बहाल दिने गरी मासिक बहालमा बसेको भनी बहाल सम्झौताको कागजसमेत नभएको तथा विवादित जग्गामा बनेको घर विपक्षीले बनाएको हो भन्ने निर्माण सम्पन्न प्रमाण पत्रसमेत नभएको अवस्थामा यी प्रमाणहरु बुझ्दै नबुझी शुरु धनुषा जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला बदरभागी हुनुका साथै, गुरु महन्थ मणिराम दासको मिति २०६४।७।१३ मा स्वर्गारोहण भएपश्चात् विपक्षीले गुठी संस्थान ऐन, २०३३ को दफा १६ अनुसार नियुक्ति लिई महन्थ पद प्राप्त गर्नुपर्ने कानूनी व्यवस्थाविपरीत निज विपक्षीले महन्थ पदको चादर पगडी प्राप्त गरेकोले विपक्षीको महन्थ पदसमेत कानूनविपरीत भएको हुँदा भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रहेको जग्गा मनखपमा लिएको विषयका सम्बन्धमा मुद्दा दायर गर्ने कानूनी हैसियत निज विपक्षीको नभएको देखिंदा देखिंदै धनुषा जिल्ला अदालत र उच्च अदालत जनकपुरबाट प्रमाणहरुको न्यायिक विवेचना तथा मुल्याङ्कन नै नगरी फैसला गरेको हुँदा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ मुलुकी ऐन, अ.बं.७७(५) नं., ८२ नं. र १८४(क) नं. तथा घर बनाउनेको महल ८, ९ र ११ तथा गुठी संस्थान ऐन, २०३३ को दफा १६ र सम्मानित सर्वोच्च

अदालतबाट प्रतिपादित सिद्धान्तहरुसमेतको विपरीत तथा कानूनी त्रुटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहससमेत सुनियो ।

१२. विपक्षी वादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेव यादव र विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा विद्वान् अधिवक्ता श्री मन्सुर राईनले जिल्ला धनुषा, जनकपुर नगरपालिका वडा नं.६ मा अवस्थित भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रहेको सिट नं.१३५५-१८ को कि.नं.२१ को क्षेत्रफल ज.वि. ०-११-१४-१ मा भगवान महाबीर हनुमानजीको मन्दिर रहेकोमा विपक्षी वादीका गुरु सो मन्दिरका तत्कालीन मठाधीश महन्थ मणिराम दासको कालगतिले मिति २०६४।७।१३ मा मृत्यु भएपश्चात् लक्ष्मी नारायण मठ (मटिहानी स्थान) का महन्थ श्री जगन्नाथ दास वैष्णवबाट चादर पगडी प्राप्त गरी महाबीर हनुमानजी मठ स्थानको मठाधीश महन्त भई वादीले उक्त धार्मिकस्थलको संरक्षण गरिरहेको अवस्थामा उपरोक्त कि.नं.२१ को जग्गामध्ये पश्चिम-उत्तर कुनाबाट क्षेत्रफल ज.वि.०-१-८-१$^{1}/_{2}$ जग्गामा वादीले जनकपुर नगरपालिका कार्यालयबाट भगवान महाबीर हनुमानजीको नाममा नक्सा पास गराई भवन निर्माण अनुमति-पत्र प्राप्त गरी उपरोक्त मठस्थानको आयस्ता आम्दानी बृद्धि गर्नका लागि भवन पसल कोठा निर्माण गरी उपरोक्त पसल कोठाहरुमध्ये विपक्षीलाई उत्तरतर्फबाट दुई वटा सटरवाला पसल कोठा र सोसँगै पछाडि पूर्वपट्टि टाँसिएका दुई कोठा गरी चार वटा कोठाको प्रति महिना रु.५,०००।- (पाँच हजार) को दरले बहाल बुझाउने गरी मिति २०६५।३।२७ देखि बहालमा दिएको र निवेदक प्रतिवादी सो पसल कोठामा बहालमा बसी रहेकोमा उपरोक्तानुसारको बहाल रकम नदिई घर कोठा खालीसमेत नगरेकाले घरबहालबाट नहटेसम्मको बहाल रकम दिलाई भराई निवेदक प्रतिवादीलाई हटाई घर पसल खाली गराई चलनसमेत चलाई पाउने गरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट भएको फैसला सदर गरी पाउँ भनी गर्नु भएको बहससमेत सुनियो ।

१३. यसमा जनकपुर नगरपालिका वडा नं.६ मा अवस्थित भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रहेको सिट नं.१३५५-१८, कि.नं.२१ को ज.वि.०-११-१४-१ मा भगवानको मठ मन्दिर रहेको छ। मेरा गुरु मणिराम दास आफ्नो कालगतिले मिति २०६४।७।१३ मा साकेतवास भएपश्चात् श्री महन्थको कार्यालय, लक्ष्मी नारायण मठ (मटिहानी स्थान) का महन्थ श्री जगन्नाथदास वैष्णवबाट चादर पगडी प्राप्त गरी उपरोक्त

स्थलको मठाधीश महन्त भई संरक्षण गरिरहेकोमा उपरोक्त जग्गामध्ये पश्चिम-उत्तर कुनाबाट क्षेत्रफल ज.वि.०-१-८-११/२ जग्गामा मैले मठस्थानको आयस्ता आम्दानी बृद्धिका लागि जनकपुर नगरपालिकाबाट मिति २०६५।४।२१ मा नक्सा पास गराई भवन निर्माण अनुमति-पत्र प्राप्त गरी भवन तथा पसल कोठाहरु निर्माण गरेको थिएँ। उपरोक्त कोठाहरुमध्ये निवेदक प्रतिवादीले उत्तरतर्फबाट दुई वटा सटरवाला पसल कोठा र सोसँगै पछाडि पूर्वपट्टि टाँसिएका दुई कोठा गरी चार वटा कोठाको प्रति महिना रु.५,०००।- (पाँच हजार) को दरले बहाल बुझाउने गरी मिति २०६५।३।२७ देखि बहालमा लिई सो पसल कोठामा बहालमा बसी आइरहनु भएकोमा निवेदक प्रतिवादीले बहाल रकम नदिएको हुँदा बहालबाट नहटुञ्जेलसम्मको बहाल रकम, कोर्ट फी र सम्पूर्ण खर्च दस्तुर निवेदक प्रतिवादीबाट आफूलाई दिलाई भराई उपरोक्त बहालवाला घर कोठाबाट निवेदक प्रतिवादीलाई हटाई खाली गराई चलनसमेत चलाई पाउँ भन्नेसमेत व्यहोराको फिराद दाबी रहेको देखिन्छ। उल्लिखित जग्गा भोग गर्नका लागि तत्कालीन महन्थ मणिराम दासबाट मनखपमा लिई रु.२,००,०००।- (दुई लाख) समेत जम्मा गरी उक्त जग्गामा घर निर्माण गरी मिति २०६०।१०।२२ देखि बसिरहेको अवस्थामा विपक्षी वादीले मिति २०६५।४।२१ मा स्थानीय निकायबाट नक्सा पास भएको देखाई उक्त घर खाली गराई चलन चलाई पाउँ भनी मुद्दा दायर गरेकोमा पुनरावेदक प्रतिवादी रु.५,०००।- मासिक भाडामा बसेको भनी बहाल सम्झौताको कागजसमेत नभएको, विवादित जग्गामा बनेको घर विपक्षीले बनाएको हो भन्ने निर्माण सम्पन्न प्रमाण पत्रसमेत नभएको अवस्था तथा विपक्षीले गुठी संस्थान ऐन, २०३३ को दफा १६ अनुसार नियुक्ति लिई महन्थ पद प्राप्त गर्नुपर्नेमा कानूनी व्यवस्थाविपरीत महन्थ पदको चादर पगडी प्राप्ति गरेकोले समेत मुद्दा दायर गर्ने कानूनी हैसियत निज विपक्षीको नभएको हुँदा क्षेत्राधिकार नाघी दायर भएको वादीको फिराद खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर देखिन्छ। शुरु जिल्ला अदालतबाट वादी दाबीबमोजिम मिति २०६५।३।२७ गतेदेखि घर बहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- का दरले हुने रकम वादीले प्रतिवादीबाट घर बहालबापत भराई पाउने र प्रतिवादीलाई उक्त घरबाट हटाई घर खाली गराई वादीले चलन पाउनेसमेत ठहरी भएको फैसलाउपर प्रतिवादीको पुनरावेदन परेकोमा उच्च अदालत जनकपुरबाट शुरु फैसला मिलेकै देखिंदा सदर हुने ठहर्ने गरी मिति २०७३।१२।२१ मा फैसला भएकोमा सो फैसलामा चित्त

नबुझाई प्रतिवादीले यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी निवेदन गरेकोमा मिति २०७४/१२/२० मा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएकाले प्रस्तुत मुद्दा आज यस इजलासमा पेश हुन आएको पाइयो।

१४. उल्लेखित तथ्यगत बेहोरा, पुनरावेदन जिकिर र बहस बुँदा भएको प्रस्तुत मुद्दामा मुख्यतः देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयो :

(क) प्रत्यर्थी वादी सिताराम दासको गुठीमा रहेको हैसियत तथा मुद्दा गर्ने हकदैया छ वा छैन?

(ख) पुनरावेदक प्रतिवादी सरोजकुमार नायक सुडीले विवादमा रहेको घर बनाई व्यापार व्यवसाय गरी आएको हो वा होइन?

(ग) महाबीर हनुमानजीको गुठीको प्रकृति कस्तो र यस्ता गुठीमा मनखप दिन पाइन्छ वा पाईँदैन? र,

(घ) उच्च अदालत जनकपुरको फैसला मिलेको छ वा छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन?

१५. निर्णयतर्फ विचार गर्दा, सर्वप्रथम वादी हर्ष नारायण झा भन्ने सिताराम दास गुठी संस्थान ऐन, २०३३ को प्रावधानबमोजिम नियुक्त नभएको हुँदा निजलाई विवादित जग्गाको विषयमा मुद्दा गर्ने हकदैया नभएको भनी पुनरावेदक प्रतिवादीले पुनरावेदन जिकिरमा उठाएको विषयका सन्दर्भमा विश्लेषण गर्दा, मिसिल संलग्न प्रमाणमा रहेका वादी हर्ष नारायण झा भन्ने सिताराम दास प्रतिवादी महन्थ मणिराम दास वैष्णव भएको ०४८ सालको दे.नं.२०४२ को करारबमोजिमको लिखत पास गराई पाउँ भन्ने मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०४९।१२।१३ मा मिलापत्र हुँदा महाबीर हनुमानजी र मणिराम दाससमेतको संयुक्त नाममा दर्ता रहेको जग्गाहरुमा गुरु मणिराम दासको शेषपछि श्री महाबीर हनुमान दासको नाम यथावतै राखी गुरु मणिराम दासको नाम खारेज गराई वादी सिताराम दासको नाम थप हुने, प्रतिवादी मणिराम दासको हेरचाह तथा तिर्थाटनको जिम्मेवारीसमेत निज सिताराम दासले गर्ने र उपरोक्त कि.नं.२१ लगायत श्री महाबीर हनुमानजीसमेतको नाममा रहेको जग्गाको उत्तराधिकारी यी वादी कायम हुने गरी मिलापत्र भएको देखिन्छ। महन्थ मणिराम दासको मिति २०६४।७।१३ मा स्वर्गारोहण भएपश्चात् श्री महन्थको कार्यालय, लक्ष्मी नारायण मठ (मटिहानी स्थान)

बाट मिति २०६४।११।१६ मा चादर पगडी प्राप्त गरी वादी सिताराम दास उपरोक्त स्थलको मठाधीश महन्त नियुक्त भएको देखिन्छ ।

१६. गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (ग) मा **गुठी भन्नाले कुनै मठ वा कुनै देवी देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैंचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय घर, इमारत वा संस्था बनाउने, चलाउन वा त्यस्को संरक्षण गर्न कुनै दाताले आफ्नो चल अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठी समेतलाई सम्झनु पर्छ** भनी उल्लेख भएको देखिन्छ। महाबीर हनुमानजी र मणिराम दाससमेतको संयुक्त नाममा दर्ता रही वादीको संरक्षकत्वमा रहेको विवादित घर जग्गा मन्दिरको क्षेत्रभित्रको जग्गा भएको र श्री महाबीर हनुमानजीको मन्दिरमा भगवानको पुजाआजा गर्न तथा अन्य कार्य संचालनार्थ खर्च जुटाउने प्रयोजनार्थ सो जग्गामा घर पसल निर्माण गरिएको भनी वादीले दाबी लिएको अवस्था समेतलाई विचार गर्दा उक्त मन्दिरको जग्गा गुठी भएको देखिने सम्बन्धमा विवाद रहेको पाईंदैन। साथै उक्त जग्गा कुन प्रकारको गुठी हो भन्ने सन्दर्भमा विचार गर्दा, गुठी संस्थान ऐन, २०३३ को दफा २ को खण्ड (घ) बमोजिम गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरेको राजगुठी नभएको तथा मिसिल संलग्न जनकपुर नगरपालिकामा तिरो तिरेको रसिदलाई हेर्दा सोही दफाको खण्ड (ङ) बमोजिम नेपाल सरकारलाई मालपोत वा तिरो तिर्नु नपर्ने गरी दर्ता भएको छुट गुठी समेत भन्न सकिने अवस्था नभएको हुँदा सो जग्गा सोही दफाको खण्ड (च) बमोजिमको निजी गुठी भएको देखिन आयो। त्यसैले गुठी संस्थान ऐन, २०३३ को दफा १६ बमोजिमको राजगुठीको महन्थ नियुक्त गर्ने प्रावधान निज महन्थ सिताराम दासको सन्दर्भमा आकर्षित हुने नदेखिएकाले श्री महन्थको कार्यालय, लक्ष्मी नारायण मठ (मटिहानी स्थान) बाट चादर पगडी प्राप्त गरी वादी महन्थ भएको सम्बन्धमा प्रस्तुत मुद्दामा विवाद गरी रहनु पर्ने देखिएन। **भेषधारीले महाबीर हनुमानजीको मठमन्दिर संचालनार्थ स्थापना गरेको गुठीको संचालन तथा रेखदेख गर्ने जिम्मेवारी मठाधीश महन्थको हुने हुँदा महन्थले मन्दिरको चल अचल सम्पत्तिको कानूनी हक रक्षार्थ कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने नै हुँदा वादीलाई मुद्दा गर्न पाउने हकदैया रहेकै देखियो।** तसर्थ, गुठी संस्थान ऐन, २०३३ को दफा १६ को

राजगुठीको बन्दोबस्त तथा संचालनका लागि महन्थ नियुक्त गर्ने कानूनी प्रावधानबमोजिम यी वादी सिताराम दास नियुक्त नभएको र निज मिति २०४९/१२/१३ मा करारबमोजिमको लिखत पास मुद्दामा मिलापत्र भएको आधारमा श्री महन्थको कार्यालय, लक्ष्मी नारायण मठ (मटिहानी स्थान) बाट महन्थ नियुक्त भएको हुँदा निजलाई प्रस्तुत मुद्दा दायर गर्ने हकदैया नभएको भन्ने प्रतिवादीको पुनरावेदन जिकीर प्रस्तुत विवादको सन्दर्भमा प्रासंगिक देखिएन।

१७. दोस्रो प्रश्नतर्फ विचार गर्दा, पुनरावेदक प्रतिवादी सरोजकुमार नायक सुडीले प्रतिवादीलाई विपक्षी वादीले घर बहालमा दिएको भनिएकोमा बहाल सम्झौताको कागजात विपक्षीसँग नभएको, विवादित जग्गामा बनेको घर विपक्षी वादीले बनाएको हो भन्ने निर्माण कार्य पुरा गरेको प्रमाण-पत्र नभएको तथा मिसिल संलग्न प्रमाणबाट मनखपमा जग्गा लिएको देखिएकोमा सोतर्फ विचार नगरी भएको शुरु तथा उच्च अदालतको फैसला नमिलेको भनी लिनु भएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, यी पुनरावेदक सरोजकुमार नायक सुडी निवेदक र विपक्षी सिताराम दाससमेत भएको ०७० सालको रिट ०७०-WO-०११७ को निषेधाज्ञा मुद्दामा तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट भएको आदेशबमोजिम मिति २०७०।१२।७ मा भएको सर्जमिन मुचुल्काबाट पुनरावेदक प्रतिवादी बसेको घर महाबीर हनुमानजी मन्दिरको तर्फबाट बनाएको भन्ने देखिएको तथा सो अदालतबाट मिति २०७१।१।१६ मा फैसला हुँदा उक्त कि.नं.२१ को ०-११-१४-१ जग्गामध्ये ०-१-८-$१^{१}/_{२}$ जग्गामा बनेको घर श्री महाबीर हनुमानजी मन्दिरको नाउँमा दर्ता रहेको जग्गाधनी प्रमाण पूर्जाबाट देखिनुका साथै उक्त घर जग्गा मन्दिरको हक भोग कब्जामा रहेको भन्ने उल्लेख भई उक्त घर जग्गामा यी पुनरावेदक आफैंले घर निर्माण गरेको नभई घर बहालमा लिई बसी पेसा व्यवसाय गरी आएको देखिएको भनी फैसला भई उक्त फैसला अन्तिमरुपमा रही रहेको देखिन्छ ।

१८. मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाबाट समेत विवादित जग्गा भगवान महाबीर हनुमानजी मणिराम दासको नाममा दर्ता रहेको देखिएको तथा बहालको करार/कबुलियतनामा नभएतापनि निषेधाज्ञा मुद्दामा पेश भएको तथ्य र निर्णयबाट विवादित जग्गामा मन्दिरको हक स्वामित्व भै निज प्रतिवादी सरोजकुमार नायक भाडामा बसेको प्रष्ट हुन्छ। सो कुरालाई प्रतिवादीबाट तत्कालीन महन्थ मणिराम दासले मनखपको धान बुझेको भनिएको मिति २०६३/१०/२८ को कागजमा निज मणिराम दासको हस्ताक्षर

भएको तर ल्याप्चे सहि भएको नदेखिएको, प्रतिवादीले वादीलाई मनखपको रकम बुझाएको भनिएको राष्ट्रिय वाणिज्य बैंकको भौचरमा रकम जम्मा गरेको मिति उल्लेख भएको नदेखिएको, वादीले घर निर्माणको लागि जनकपुर नगरपालिकाबाट भवन निर्माण अनुमति-पत्र प्राप्त गरेको देखिएको, प्रतिवादीले आफैंले घर निर्माण गरेको प्रमाण पेश गर्न नसकेको अवस्था समेतलाई विश्लेषण गर्दा यी प्रतिवादी भाडामा बसेको विषयलाई समर्थित गरेको देखिन्छ। "प्रतिवादीले कुनै लिखत नगरी घर भाडामा बसेको पाँच वर्ष भुक्तान भएपछिको अवस्थामा निजको सो घरमा भाडामा बस्न पाउने वा सो घर उपभोग गर्न पाउने कुरा घरधनीको स्वेच्छामा निर्भर हुन्छ भने घरधनीले बस्न दिने वा नदिने निजहरु बीचको समझदारीमा आधारित हुन आउने[1]" भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादित भएको पाइन्छ। तसर्थ, उल्लिखित तथ्य तथा विश्लेषणको आधारमा वादीले प्रतिवादीलाई भाडामा लगाएको घर पसलबाट हटाई खाली गराउन पाउने नै देखिंदा शुरु धनुषा जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७३।१२।२१ मा भएको फैसला बदर गरी पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१९. अब तेस्रो प्रश्न महाबीर हनुमानजीको गुठीको प्रकृति र मनखपका सम्बन्धमा विचार गर्दा फिल्डबुकमा उक्त कि.नं.२१ को ०-११-१४-१ जग्गा महाबीर हनुमानजीको नाममा रहेको देखिन्छ। गुठी संस्थान ऐन, २०३३ को दफा १६ बमोजिमको राजगुठी भन्ने नजनिएकोले र तत्कालीन भेषधारीद्वारा निजको देहावसान अगाडि नै प्रकृया पुर्‍याई अर्को भेषधारीलाई गुठी संस्थान ऐन, २०३३ को दफा २(छ) अनुसारको निजी गुठीको गुठियारको रुपमा प्रदान गरेको हैसियत अर्थात् महन्थ वा पुजारीलाई सम्झनु पर्ने देखिन्छ। निजी गुठीका सम्बन्धमा नेपाल सरकारबाट गठन भएको वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनले **"राजगुठी बाहेकका व्यक्तिगतरुपमा गुठी स्थापना गर्नेले तोकिदिएको गुठियार तथा तिनका सन्ततिले चलाउनु पर्ने गुठीहरु निजी गुठी हुन्। यस्ता निजी गुठीमा व्यक्तिगत, पारिवारिक, सामुदायिक, सामाजिक, सार्वजनिक गुठी पर्दछन्[2]"** भनी परिभाषित गरेको देखिंदासमेत यस मन्दिरको गुठी निजी गुठी भएकोमा दुविधा रहँदैन। यस्तो निजी गुठीको महन्थ, पुजारी वा गुठियार जे भने पनि

[1] कृष्णबहादुर चिपालु विरुद्ध हिमालयन टि स्टेटका साझेदार रामकुमार राठी (ने२०५२ .प.का., नि६०७२ .नं., अंक ९।

[2] नेपाल सरकार, *बैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन*, काठमाण्डौं (२०६७) पेज नं

सरोजकुमार नायक सुडी विरुद्ध हर्षनारायण झा भन्ने

निजको मुख्य कार्य उक्त गुठीको अयस्ताबाट प्रथम कर्तव्य भगवान महाबीर हनुमानजीको पुजापाठ गर्नु र भक्तजनहरुलाई दर्शन र भक्तिको लागि सहायता पुऱ्याउनु हो। यस्तो कार्यबाट बचेको र भक्तजनहरुबाट पुजापाठद्वारा प्राप्त रकम पारदर्शीरुपमा देखाई बाँकी रहेको रकम उक्त मन्दिरको निर्माण तथा जिर्णोद्धार गरी आफ्नु जिविका चलाउनु भन्ने देखिन्छ। त्यस्तै गुठी संस्थान ऐन, २०३३ मा भएको मिति २०४९/१०/०५ को दोस्रो संशोधनबाट दफा १९क. थप गरी निजी गुठीको लगत निजी गुठीका गुठियारले तोकिएको ढाँचामा बनाई गुठी संस्थानमा दिनु पर्ने र त्यस्तो गुठीको प्रकृति हेरी गुठी संस्थानले छुट्टाछुट्टै लगत राख्नु पर्ने भन्ने व्यवस्था थप भएको पाईंदा यस निजी गुठीका भेषधारी, महन्थ वा गुठियार हर्षनारायण झा भन्ने सिताराम दास त्यस्तो कर्तव्यबाट विमुख हुन सक्ने देखिएन।

२०. यस्तै प्रत्यर्थी/पुनरावेदकले उक्त जग्गा मैले दुई लाख रुपैयाँ दिई नियमित कुत बुझाई मनखपमा लिएको हुँ भन्ने दाबीको प्रसङ्गमा मनखप के हो? र यस्ता प्रकृतिको धार्मिक सांस्कृतिक महत्वका निजी गुठीहरुमा त्यस्को प्रयोगका सम्बन्धमा हेर्नु पर्ने देखियो। **"वि.सं.२००८ सालमा आएर भूमिधारी अधिकार प्राप्तिको कानून मस्यौदा तयार पार्ने क्रममा मोही सम्बन्धी विषयलाई लिएर जनताको राय बुझ्ने र सो मस्यौदा तयारीमा विर्ता जमिन कमाउनेले मोहीयानीहरु पाइरहेको तर बटैया, *मनखप,* हुण्डा, जिन्सी वा नगदी कुत आदि शर्तमा रैकर जग्गा कमाई रहेको हकमा भने जमिनमा जग्गावालाले स्वेच्छामा भर पर्ने बुझिन्छ**[३]" भन्ने उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदनमा देखिन्छ। मनखप के हो भन्ने सन्दर्भमा हेर्दा एक हिन्दी प्रसिद्ध पुस्तकमा **निश्चित जग्गा कमाएबापत किसानले जमिनदारलाई उत्पादनको आधारमा निश्चित हिस्सा दिई जग्गा कमाउने प्रचलन भनी उल्लेख भएको देखिन्छ**[४]। यसबाट मनखप एक प्रकारको जमिनदारले किसानलाई खेत कमाउन दिंदा केही जिन्सी वा रकम पनि लिने र वार्षिक रुपमा लिएको खेतको निश्चित हिस्सा बुझाउने चलन भन्ने देखिन्छ। उखडा ऐन, २०२१ को दफा २(ख) मा किसानको परिभाषाभित्र हुण्डा, *मनखप,* अधियाँ, बटैयामा कमाउन पाएको जग्गा

---

[३] नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, *उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग २०५१ को प्रतिवेदन,* काठमाण्डौ (२०७३) पेज नं. २४

[४] *"वह खुद ढाई-तिनसौं बीघा ही रखे हुए थे, बाकी हजारों बीघा जमीन मनखप लगी हुई थी। मनखप समझा भैया? नही? अरे भाई उपजका सोलहवाँ बीसवाँ हिस्सा मालिक वसूल करता है। जिन्सी लगान के तौर पर, एक मन बीघा, दो मन बीघा या तीन मन...उतना अनाज या उतने ही रक़म जा कर मालिक के यहाँ जमा कर दो"* हेर्नुहोस नागार्जुन, *बलचनमा,* किताब महल प्रकाशन, इलाहाबाद, प्र.सं. १९५२, पृष्ठ १७४

जोत्ने व्यक्तिलाई किसानको परिभाषामा नसमेट्ने गरी *मनखप* शब्द उल्लेख भएको पाईन्छ। सामान्यतया भू-स्वामित्वमा आएको परिवर्तनका कारण यो प्रचलन अब विरलै मात्र प्रयोगमा रहेको हुन सक्दछ। "मन्दिरको सम्पत्ति कुनै पनि तवरले बेचबिखन, दान दातव्य वा मनखपद्वारा कसैलाई पनि दिन नपाउने शर्तमा गुठी संस्थानले सम्पूर्ण जिम्मेवारी महन्थलाई सुम्पिएपछि गुठीको जमिनमा मनोमानी चल्न थाल्यो। महन्थले मनखपबापत आफूले गुठीको जमिन लिएर सो जमिन व्यक्तिलाई बेची दिएको लिखत बनाइदिन्थे"[५] भन्ने खोज पत्रकारिता केन्द्रको अध्ययनमा देखिन्छ। **जनकपुर आसपास विशेषत जानकी मन्दिरका जग्गा जमिनहरु पनि *मनखपमा* कमाउन दिने प्रचलनबाट गुठीमा हुँदै गएको विचलनका सम्बन्धमा विभिन्न प्रतिवेदनहरुसमेत पढ्न पाईन्छ।** महन्तको भूमिकाका सम्बन्धमा यस अदालतबाट रत्नसागर मठ स्थानको महन्त बैकुण्ठ तिवारी भन्ने बैकुण्ठदास वैष्णव विरूद्ध गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत भएको रिट निवेदनमा **"मठको महन्त वा पुजारी भनेको मठ मन्दिरको न्यासी (Trustee) हो, त्यसबाट फाइदा लिने व्यक्ति होइन। उसले भगवानको मन्दिरमा बसी आराधना गर्ने, मठको सम्पत्ति तथा परम्परा जोगाउने र लोक कल्याण गर्ने हो, मठको सम्पत्ति नास गर्ने होइन। मठ मन्दिरको सम्पत्ति नास गर्ने कार्यलाई अदालतले छुट दिन नसक्ने"**[६] भन्ने उल्लेख भएको पाइन्छ। यस अदालतबाट २०२८ सालतिर "...*मनखप* ठेक्का बुझाई खान पाउनेसम्म हक हुने हो, जग्गाको स्वामित्वको हकमा जनकपुर मेनेजरी कै कायम रहने प्रष्टै छ"[७] भन्ने उल्लेख भएको भएतापनि **कानून र भू-स्वामित्वमा आएको परिवर्तनसँगै रकम वा जिन्सी तथा नियमित कुत बुझाई *मनखप* लिने प्रचलन जग्गाधनी र कमाउने व्यक्तिको हकमा समेत कानूनले मान्यता नदिएको र भूमि सम्बन्धी कानूनमा आएको परिवर्तनबाट जग्गामा मोही लाग्ने व्यवस्थासमेत समाप्त भएको परिप्रेक्ष्यमा जनकपुर जस्तो ऐतिहासिक तथा धार्मिक र साँस्कृतिक महत्वको ठाउँमा रहेका निजी प्रकृतिका गुठीहरुमा भेषधारी तथा गुठियारहरुले परम्परागत प्रकृतिको गुठीको सम्पत्ति मनखपमा लगाउने प्रचलनलाई उपयुक्त मान्न सकिने देखिएन।** सामान्यतया निजी गुठीका जग्गा वा भवनमा भाडा लगाउनु पर्ने भए सम्पूर्ण विवरण खोली निश्चित समयलाई

---

[५] झा, नविन, *देवभूमिका संहारकर्ता: महन्थ्याईको ताँदो अपराधकर्मसम्म,* खोज पत्रकारिता केन्द्र, नेपाल(२०७१) हेर्नुहोस https://cijnepal.org.np/२०१५-०१-१२-०८-४९-५०/ हेरिएको मिति २०७९/१०/०३

[६] ने.का.प. २०७६, अंक ३, नि.नं. १०२२५

[७] भगवतीप्रसाद उपाध्याय विरुद्ध डाक्टर वसन्तबहादुर राजभण्डारी (ने.का.प. २०२८, नि.नं. ६०९, अंक १)

करारको माध्यमबाट भाडामा लगाउने र त्यस्तो कार्यलाई गुठी संस्थान ऐन, २०३३ को दफा १९क. बमोजिम गुठी संस्थानमा नियमित विवरण पेश गर्नु पर्ने देखिंदा यस सम्बन्धमा उक्त कि.नं.२१ को महाबीर हनुमानजीको नाममा रहेको जग्गाका गुठियार हर्षनारायण झा भन्ने सिताराम दासलाई ध्यानाकर्षण गराउने र यस सम्बन्धमा गुठी संस्थानलाई उक्त गुठीको विवरण माग गर्न निर्देशन दिनू पर्ने देखिन्छ।

२१. तसर्थ, जग्गाधनी दर्ता प्रमाण पुर्जामा महाबीर हनुमानजी महन्थ मणिराम दास नाम उल्लेख भएको हुनाले हनुमानजीको मन्दिर रहेको उक्त गुठी निजी प्रकृतिको भेषधारीले स्थापना गरेको गुठी देखिएको हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा १६ बमोजिमको राजगुठीको व्यवस्था आकर्षित नहुने देखिएतापनि गुठी जनिएको उक्त जग्गा बिक्री वितरण नहुने र उद्देश्यअनुरुप संचालन हुनु पर्ने दायित्व मठाधीश तथा गुठियार महन्थको देखिने भएकोले भेषधारी गुठीको भावना र धार्मिक कार्यको उद्देश्यअनुरुप यसरी प्राप्त हुने बहालबापतको रकम भगवान महाबीर हनुमान र श्रद्धालु भक्तजनको सेवामा खर्च गर्न धार्मिक, नैतिक र कानूनीरुपले बाध्य भएको सम्बन्धमा यस फैसलामा व्याख्या गरिरहनु परेन।

२२. अतः महाबीर हनुमानजीको मन्दिर भएको भगवान महाबीर हनुमानजी महन्थ मणिराम दासको नाम दर्ताको जग्गामा रहेको घरमा यी प्रतिवादी भाडामा बसेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिंदा वादी दाबीबमोजिम मिति २०६५।३।२७ गतेदेखि घर बहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- (पाँच हजार) का दरले हुने रकम वादीले प्रतिवादीबाट घर बहालबापत भराई पाउने र प्रतिवादीलाई उक्त घरबाट हटाई घर खाली गराई वादीले चलनसमेत पाउने ठहर्छ भन्ने शुरु धनुषा जिल्ला अदालतको मिति २०७१।१२।११ गतेको फैसला सदर हुने ठहरी उच्च अदालत जनकपुरबाट मिति २०७३।१२।२१ मा भएको फैसला प्रतिवादीलाई उक्त घरबाट हटाई घर खाली गराई वादीले चलनसमेत पाउने हदसम्म मिलेको देखिएतापनि मिसिल संलग्न प्रमाणबाट प्रतिवादी सरोजकुमार नायक सुडीले वादी सिताराम दासको बैंक खातामा रु.२,००,०००।- (दुई लाख) बुझाएको देखिएको तथा वादीले उक्त रकम नबुझेको भनी जिकिर लिएको नदेखिएको अवस्थामा वादीले प्रतिवादीबाट पाउने गरी ठहर भएको बहालको रकमको हकमा फैसला मिलेको नदेखिएकाले सो हदसम्म केही उल्टि भई यी प्रतिवादीबाट वादीले भराई पाउने ठहरेको मिति २०६५।३।२७ गते

देखि घर बहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- (पाँच हजार) का दरले हुने जम्मा रकमबाट प्रतिवादीले वादीको बैंक खातामा बुझाएको रु.२,००,०००/- (दुई लाख) कटाएर बाँकी रकम वादीले प्रतिवादीबाट घर बहालबापत भराई पाउने ठहर्छ। पुनरावेदक प्रतिवादी सरोजकुमार नायक सुडीको पुनरावेदन जिकिर आंशिक रुपमा पुग्न सक्दैन। अरुमा तपसिलबमोजिम गर्नू।

## तपसील

१. माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी बहालमा बसेबापत मिति २०६५/०३/२७ गतेदेखि घर बहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- (पाँच हजार) का दरले हुने रकम वादीले प्रतिवादीबाट भराई पाउने ठहरेको हदसम्म उच्च अदालत जनकपुरको मिति २०७३/१२/११ को फैसला केही उल्टि भई मिति २०६५/०३/२७ गतेदेखि प्रतिवादी घरबहालबाट नहटेसम्म प्रति महिना रु.५,०००।- (पाँच हजार) का दरले हुन आउने जम्मा रकमबाट प्रतिवादीले वादीको बैंक खातामा बुझाएको रु.२,००,०००/- (दुई लाख) कटाएर बाँकी रकम वादीले प्रतिवादीबाट घर बहालबापत भराई पाउने ठहरी फैसला भएकोले फैसलाबमोजिमको रकम नियमानुसार प्रतिवादीबाट वादीलाई भराई दिनू भनी शुरु धनुषा जिल्ला अदालतलाई लेखी पठाउनू ..........................................................१

२. माथि ठहर खण्डमा लेखिएबमोजिम निजी गुठीका जग्गा वा भवन भाडामा लगाउनु पर्ने भए सम्पूर्ण विवरण खोली समयावधि तोकी करारको माध्यमबाट भाडामा लगाउने र सोको नियमित विवरण गुठी संस्थानमा पेश गर्न उक्त जग्गाका गुठियार वादी हर्षनारायण झा भन्ने सिताराम दासलाई ध्यानाकर्षण गराई पत्राचार गर्नू ................२

३. माथि ठहर खण्डमा लेखिएबमोजिम महाबीर हनुमानजी महन्थ मणिराम दासको नाममा दर्ता रहेको सो गुठीको जग्गाको विवरण माग गर्न गुठी संस्थानलाई निर्देशन दिने ठहरी फैसला भएकोले प्रस्तुत फैसलाको प्रतिलिपिसहित गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौलाई पत्राचार गर्नू.....................................................३

४. सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग गरेमा नियमानुसार दिनू...............४

५. प्रस्तुत फैसलाको विद्युतीय प्रति प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू..........................................................................५

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उप-सचिव) : ललित सापकोटा

अनुसन्धान सहयोगी : लक्ष्मी राना (शाखा अधिकृत), राकेश बम (इन्टर्न)

कम्प्युटर : अमिररत्न महर्जन

इति सम्वत् २०७९ साल मङ्सिर ७ गते रोज ४ शुभम्-----------------------------